# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा शाखा

बलम्बु, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

प.सं. ..........................
च.नं. .........................

फोन नं. ०१-४३१५७६६
मिति : २०७५/९/२९


विषयः शौचालय, आइसीटी, पुस्तकालय, विज्ञान प्रयोगशाला, कार्यसम्पादन अनुदानसम्बन्धी कार्यक्रमका लागि प्रस्तावना पेस गर्ने सम्बन्धी विद्यालयहरुलाई सूचना ।

श्री चन्द्रागिरि नगरपालिकास्थित सम्पूर्ण सामुदायिक विद्यालयहरु

प्रस्तुत विषयमा विद्यालय क्षेत्र विकास योजना अन्तर्गत चालु आ.व.०७५/०७६ मा शसर्त अनुदानको रुपमा यस चन्द्रागिरी नगरपालिकालाई प्राप्त देहायका कार्यक्रमका लागि विद्यालय छनोट गर्ने प्रयोजनका लागि यस नगरपालिकास्थित सामुदायिक प्रधानाध्यापकहरुको मिति २०७५/९/५ को वैठकमा निर्णय भई २०७५ पौष मसान्तसम्म प्रस्ताव पेश गर्नुपर्ने भनि सूचना दिइएकोमा हालसम्म पनि पर्याप्त प्रस्तावना पेस भइनसकेको र विद्यालयमा हिउदे विदा समेत परेकाले यस अघि यी कार्यक्रमहरुबाट लाभान्वित नभएका इच्छुक विद्यालयहरुले तपसीलका आधारमा रही मिति २०७५/१०/२० सम्म विद्यालय व्यवस्थापन समितिको निर्णयसमेत संलग्न राखी प्रस्तावना पेस गर्नुहुन सूचित गरिन्छ । निर्धारित समयभित्र प्रस्तावना पेस नगर्ने तथा निर्धारित प्रक्रिया र ढाँचामा प्रस्तावना पेस नगर्ने विद्यालयहरुलाई उक्त कार्यक्रमका लागि छनोट नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

पदमराज आचार्य
उपसचिव

तपसील

१. **पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण (प्रा.वि., नि.मा.वि र मा.वि)**

- छनौट भएका विद्यालयहरुका लागि प्रति विद्यालय रु ७ लाख उलव्ध गराइने ।
- विद्यालयले शौचालय निर्माण गर्दा छात्रछात्रालाई छुट्टाछुट्टै निर्माण गर्नुपर्नेछ वा प्रवेशद्वार विपरित दिशाबाट राख्नु पर्नेछ । शौचालयको सरसफाइको लागि प्रशस्त पानीको व्यवस्था हुनुपर्दछ । यसका लागि पर्याप्त शौचालय भएका विद्यालयहरूमा लागत अनुमानका आधारमा पानीको व्यवस्थाका लागि मात्र खर्च गर्न सकिने छ । ट्युववेल गाड्दा र जडान गर्दा सेप्टिक ट्याङ्क तथा सोकपिटबाट कम्तीमा पनि ३० मिटर टाढा गाड्नुपर्ने छ ।
- शौचालयको ड्रईङ डिजाईन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसार हुनुपर्नेछ ।

२. **तोकिएको सूचङ्काको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based Grants)** (प्रा.वि., नि.मा.वि र मा.वि)

क. विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयले प्रस्ताव पेश गर्ने ।

ख. प्राप्त प्रस्तावका आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मुल्याकन गरी जिल्लाका लागि स्वीकृत कार्यक्रम अनुसार प्रति विद्यालय रु ५० हजारका दरले अनुदान उपलब्ध गराइने ।

ग. प्राप्त अनुदानबाट विद्यालयले निर्णय गरी शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने ।

घ. यस प्रकारका कार्यसम्पादनमा आधारित अनुदानहरु दिंदा कुनै पनि विद्यालयलाई दोहोरो नपर्ने गरी दिनुपर्नेछ । साथै अनुदान दिनपूर्व विद्यालयले शिक्षण सिकाइ समयमापन सम्वन्धि कार्यविधि लागु गरेको सुनिश्चितता गर्नु पर्दछ । यो कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np मा उपलब्ध छ ।

३. **माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सीङ, किताव खरिद तथा इपुस्तकालय समेत) अनुदान**

- लाईब्रेरी नभएका माध्यमिक विद्यालयहरु
- गत आवमा लाईब्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरु
- माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरु
- लाईब्रेरी व्यवस्थपनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरु
- छनौट भएका विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान निकासा दिने

# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा

बलम्बु, काठमाण्डौ
३ नं. प्रदेश, नेपाल

प.सं. ..........................
च.नं. ..........................

फोन नं. ०१-४३१५७६६
मिति :...............................


- उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम,शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा लाइब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै पुस्तक र्‍याक, बसाई व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्रीहरुमा सार्वजनिक खरीद ऐन अनुसार खर्च गर्ने ।
- विद्यालयले खरीद गरेका पुस्तकहरुको सूचि अनिवार्यरुले यस नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

नोटः यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न पाइने छैन ।

**४. शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्यूटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा Kits खरिद) का लागि अनुदान (माध्यमिक विद्यालय)**

क. इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयहरुले प्रस्ताव पेस गर्ने ।

ख. विद्यालयले माध्यमिक तहमा गणित अंग्रेजी र विज्ञान विषय पढाइरहेको शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने ।

ग. प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनौट गरिने । छनौट भएका विद्यालयहरुलाई गणित विज्ञान र अंग्रेजी विषयका kits र networking, internet आदि व्ययवस्थापन गर्न लगाउदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण गरिएको Specification का आधारमा ICT ल्याब व्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर उपकरण र सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने सुनिश्चिता कायम गरी प्रति विद्यालय ६ लाख ५० हजार एकमुष्ठ अनुदान रकम उपलब्ध गराउने ।

घ. विद्यालयले नमूना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरीद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रकृयाहरू पूरा गरी सामग्री खरीद गर्ने । खरिद गरिएका सामग्रीको विवरण यस नगरपालिका शिक्षा शाखामा पेस गर्ने ।

ङ. स्थानीय तहबाट अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको अनुगमन गरिने ।

**५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (निम्न माध्यामिक र माध्यमिक विद्यालयले)**

क. विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुमध्येलाई प्रति विद्यालय रु ६ लाख ५० हजारको दरले एकमुष्ठ विद्यालयलाई उपलब्ध गराइने ।

ख. यदि यस शीर्षकमा रकम बचत भएमा आधारभुत (निम्न माध्यमिक) तह सञ्चालन भएको विद्यालयलाई उपलब्ध गराइने ।

यस शिर्षकबाट रकम प्राप्त गरेका विद्यालयहरुले शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेको मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने ।

**६. गणित विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदान (आधारभुत तह कक्षा ६-८ समेत सञ्चालन भएका विद्यालयले)**

विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभुत तह कक्षा ६-८ का लागि विद्यालयहरुलाई प्राप्त बजेटको परिधि भित्र रहि प्रति विद्यालय रु ५० हजारका दरले विद्यालयलाइ अनुदान उपलब्ध गराइने । विद्यालयले पाठ्यक्रम विकास केन्द्रवाट विकास एवम् स्वीकृत भएका गणित विज्ञान र अङ्ग्रेजी विषयका सामग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

२०७५।३।२५